# आ.व. २०७२।०७३ को वार्षिक प्रगति समिक्षा गोष्ठीको

# समिक्षा प्रतिवेदन-२०७३




**प्रतिवेदक**
**कृष्ण कुमार के.सी., सूचना अधिकृत**
**खुमा न्यौपाने, क.अ.**

**जिल्ला विकास समितिको कार्यालय**

# दाङ

## प्रतिवेदन तयार गरेको मिति : २०७३ मंसिर १० गते

## आ.व. २०७२।०७३ को वार्षिक प्रगति समिक्षा गोष्ठीको समिक्षा प्रतिवेदन ।

जिल्ला विकास समिति दाङको आ.व. २०७२/०७३ को वार्षिक समिक्षा गोष्ठी मिति २०७३ कार्तिक २६ गते शुरु भई २०७३ कार्तिक २७ गते घोराही नगरपालिकाको सभाकक्षमा सम्पन्न गरियो । जिल्ला विकास समिति दाङका स्थानीय विकास अधिकारी कुलबहादुर जी.सी.ज्यूको अध्यक्षतामा आयोजित उक्त गोष्ठीमा जि.वि.स.को कार्यालय लगायत विभिन्न विषयगत कार्यालयहरु र अन्य सरकारी एवं गैरसरकारी संस्थाहरु समेत गरी जम्मा ३८ वटा कार्यालय तथा संघ संस्थाहरुले आ.व. २०७२।०७३ मा आफ्नो कार्यालयले सम्पन्न गरेका वार्षिक कार्यक्रम तथा योजनाहरुको वित्तिय तथा भौतिक प्रगतिको बारेमा प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा १ सय २३ जनाको उपस्थिति रहेको थियो । हरेक प्रस्तुतीकरण पछि उपस्थित सहभागीहरुबाट खुल्ला रुपमा आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव एवं प्रतिकृयाहरु प्रस्तुत गर्ने काम भएको थियो । उक्त समिक्षा गोष्ठीमा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्रीमान दीपक काफ्लेज्यू रहनु भएको थियो, जिल्लास्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, विषयगत कार्यालयका प्रमुखहरु, संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, सबै न.पा.का प्रमुखज्यूहरु, गा.वि.स. सचिवहरु, संचारकर्मीहरु, नागरिक समाजका प्रतिनिधीहरु लगायत सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो । प्रस्तुतीकरणको समयमा प्रष्ट नभएका कतिपय विषयवस्तुहरु तथा सहभागीको जिज्ञासाहरुलाई सम्वन्धित कार्यालयका प्रमुख स्वयं एवं जिम्मेवार पदाधिकारीहरुबाट स्पष्ट पारिएको थियो । सहभागीहरुबाट जिल्ला स्थित सम्पूर्ण कार्यालयहरुले आगामी दिनहरुमा अझ प्रभावकारी रुपमा आम नागरिकको मर्म र भावनालाई संवोधन हुने गरी पारदर्शी एवं जवाफदेहीताका साथ जिल्लामा संचालन हुने कुनै पनि किसिमका विकास निर्माण तथा कार्यक्रमहरुमा दोहोरोपन आउन नदिन सबै निकायहरुले आवश्यक समन्वय गरी कार्य संचालन गर्नु पर्ने सुझाव दिनुका साथै बजेट फ्रिज गर्ने परम्परालाई रोक लगाउने समेतका सुझाव दिनुका साथै गाउँ तथा जिल्ला परिषद्बाट पारित भई आएका योजनाहरुलाई प्राथमिकताको आधार मानी आगामी वर्षहरुमा योजना तथा कार्यक्रम संचालन गर्न तथा तिनिहरुको कार्यान्वयनको चरणमा सम्वन्धित पक्षबाट नियमित रुपमा सार्थक र परिणाममुखी रुपले दिगो र प्रभावकारी ढंगबाट अनुगमन हुनुपर्ने कुरामा समेत जोड दिंदै जिल्लाको समग्र विकास निर्माण कार्य एवं जनतालाई प्रवाह गर्ने वस्तु र सेवाको प्रवाहको प्रभावकारीता एवं सुशासन

अभिवृद्धि गराउने तर्फ ध्यान केन्द्रित गराउँदै उक्त दुई दिने समिक्षा गोष्ठी सम्पन्न भएको व्यहोरा आम नागरिक सर्वसाधारण एवं सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

**वार्षिक प्रगति समिक्षा कार्यक्रममा प्रगति विवरण पेश गर्ने सरकारी तथा गैरसरकारी कार्यालयहरुको नामावली :**

| | |
|---|---|
| १. जिल्ला कृषि विकास कार्यालय | २. जिल्ला पशुसेवा कार्यालय |
| ३. जिल्ला भू-संरक्षण कार्यालय | ४. म.प. सिंचाई डिभिजन कार्यालय |
| ५. जिल्ला वन कार्यालय | ६. म.प.सडक डिभिजन कार्यालय |
| ७. शहरी विकास भवन डिभिजन कार्यालय | ८. व्यवसायीक सीप विकास तालीम केन्द्र |
| ९. महिला तथा बालबालिका कार्यालय | १०. मानव कल्याण तथा वातावरण संरक्षण मंच |
| ११. घरेलु तथा साना उद्योग कार्यालय | १२. जिल्ला प्राविधिक कार्यालय |
| १३. जिल्ला जनस्वास्थ्य कार्यालय | १४. राडार |
| १५. जिल्ला शिक्षा कार्यालय | १६. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय |
| १७. भूमिगत जलविकास कार्यालय | |
| १८. जल उत्पन्न प्रकोप नियन्त्रण सव डिभिजन कार्यालय | |
| १९. अपांग समाज सुधार | २०. जनताको तटबन्धन कार्यालय |
| २१. सहकारी डिभिजन कार्यालय | २२. दक्षिण देउखुरी अधिकार मंच |
| २३. युवा संजाल | २४. दक्षिण देउखुरी अधिकार मञ्च |
| २५. गाउँ विकास समिति कार्यालय ३१ | २६. यु.एन.एफ.पि.ए. |
| २७. वेस | २८. दलित चेतना अभियान |
| २९. अपांग मानव अधिकार एवं सरोकार मञ्च | ३०. सहकर्मी समाज |
| ३१. मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | ३२. सिसा |
| ३३. गै.स.स महासंघ दाङ | ३४. सामुदायिक विकास मंच |
| ३५. जनउत्थान समाज विकास केन्द्र | ३६. गैसस महासंघ |
| ३७. राप्ती कृषि स्नातक समूह | ३८. NCCSP |

**सारांश**

आर्थिक वर्ष २०७२।०७३ मा सम्पादन गरिएका कार्यक्रम तथा आयोजनाहरुको वार्षिक समिक्षा गोष्ठी जिल्ला विकास समिति दाङको आयोजनामा मिति २०७३।०७।२६ र २७ गते सम्पन्न गरिएको छ । दुई दिनसम्म संचालित वार्षिक समिक्षा कार्यक्रममा जिल्ला विकास समितिको कार्यालय, विषयगत कार्यालयहरु, गाउँ विकास समिति, नगरपालिका, जिल्लामा कार्यरत दातृ निकाय , स्थानीय गैरसरकारी संघसंस्थाहरुले वार्षिक प्रगति प्रस्तुत गरेका थिय । प्रगति प्रतिवेदनमा विशेषगरी सडक, सिंचाई, खानेपानी, कृषि, लक्षित समूहको शसक्तिकरण तथा सामाजिक परिचालन लगायतका क्षेत्रमा मुख्य उपलब्धिहरु रहेको पाइयो । आगामी वर्षमा अनुगमनको क्षेत्रलाई अझ मजबुत बनाउँदै ठोस योजना र संरचना तयार गरी अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ ।

सुशासन कायम गर्नको लागि पारदर्शिता एवं आर्थिक अनुशासन, सार्वजनिक सुनुवाई, जनलेखा परिक्षण तथा सामाजिक परिक्षण जस्ता कार्यमा विशेष जोड दिनुपर्ने आवश्यकता महशुस गरिएको छ । लक्षित वर्गको योजना तर्जुमा प्रक्रियामा धेरै भन्दा धेरै अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न योजना तर्जुमा प्रक्रिया देखि कार्यान्वयनको चरणसम्म सबै वर्गलाई समावेश गर्दै लैजानुको साथै सामाजिक परिचालन कार्यलाई सशक्त बनाउने कार्यमा जोड दिनुपर्ने आवश्यकता महशुस गरिएको छ । आर्थिक वर्ष २०७२।०७३ मा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्यांकनमा दाङ जिल्लाले ६३ अंक प्राप्त गर्न सफल भएको छ । त्यसैगरी जिल्लाका दुई नगरपालिका घोराही र तुलसीपुर एम.सि.पि.एम.मा सफल भएका छन् भने यस जिल्लाका सबै ३१ गा.वि.स.हरु गा.वि.स.हरु सफल भएका छन् । MCPM मा अझ उन्नती तर्फ लाग्नतिर अभिप्रेरित गर्न यस समिक्षा बैठकले जिविस, नपा र सबै गाविसहरुलाई सुझाव दिएको थियो । कार्यक्रम सौहार्दपूर्ण वातावरणमा विस्तृतरुपमा छलफल गरी सम्पन्न गरिएको थियो ।

## आ.व.२०७२।०७३ को समिक्षा बैठकबाट भएका निर्णयहरु :

१. आगामी आ.व.मा जिल्ला विकास समितिद्वारा आयोजित वार्षिक समिक्षा बैठक एवं सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुमा सम्वन्धित कार्यालयका प्रमुख वा आधिकारिक व्यक्तिको उपस्थितिलाई अनिवार्य बनाउने निर्णय गरियो ।

२. आगामी दिनहरुमा जिल्लामा संचालन हुने योजना तथा कार्यक्रमहरुलाई दिगो र प्रभावकारी एवं सुव्यवस्थित तुल्याउनका लागि योजनाको कार्यतालिका बनाई राजनीतिक दल, नागरिक समाज, पत्रकार सहितको सघन अनुगमन तथा निरीक्षण कार्यलाई अझ बढी प्रभावकारी र नियमित बनाउने निर्णय गरियो ।

३. जिल्लामा संचालन हुने कुनै पनि विकास निर्माण तथा कार्यक्रमहरुमा दोहोरोपन आउन नदिन सवै निकायहरुले जि.वि.स. संग प्रभावकारी समन्वय गरी कार्यक्रम संचालन गर्न निर्देशन दिने निर्णय गरियो ।

४. जिल्ला विकास समितिको गत आ.व.को एम.सि.पि.एम. मा कूल ६२ अंक प्राप्त गर्न सफल भएकोमा आगामी आ.व.मा सो भन्दा बढी अंक प्राप्त गरी थप अनुदान सहायता प्राप्त गर्न सफल तुल्याउनका लागि जिल्लास्थित राजनैतिक दल, जि.वि.स., गा.वि.स. एवं अन्य सरोकारवाला निकायहरुले सक्रिय रुपमा पहल गर्ने निर्णय गरियो ।

६. विषयगत कार्यालय, गैरसरकारी संघसंस्था र दातृनिकाय संग सम्वद्ध संस्थाहरुले आफ्नो चौमासिक/वार्षिक समिक्षा गर्दा आगामी वर्षमा अनिवार्य रुपमा राजनैतिक दल, नागरिक समाज, पत्रकार एवं सरोकारवालाहरु समेतलाई आमन्त्रण गरी गर्नुपर्ने निर्णय गरियो ।

७. राजनैतिक दलहरु, नागरिक समाज, सेवाग्राही लगायतका सबै क्षेत्रबाट प्राप्त भएका गुनासा तथा सुझावहरुलाई आगामी वर्षहरुमा सरोकारवाला निकायहरुले प्राथमिकता दिई सुझाव कार्यान्वयन र गुनासो व्यवस्थापन प्राथमिकताका साथ गर्ने निर्णय गरियो ।

८. विषयगत कार्यालय एवं जिल्लास्थित विकास निर्माणसंग सम्वन्धित कार्यालयहरुले आ-आफ्नो योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्ने व्यवस्था मिलाई बजेट फ्रिजलाई निरुत्साहित गर्ने निर्णय गरियो ।

१०. समिक्षाको क्रममा विभिन्न महानुभावहरुले दिएको सुझावहरुलाई आगामी वर्षहरुमा क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गरियो ।

११. जि.वि.स. द्वारा आयोजित आ.व. २०७२।०७३ को जिल्ला स्तरीय वार्षिक समिक्षा गोष्ठीमा उपस्थित हुनु भएका प्रमुख अतिथि, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरु, विषयगत कार्यालयका प्रमुखएपं प्रतिनिधी, सरकारी एवं गैरसरकारी संघसंस्थाका प्रखुम एवं प्रतिनिधीहरु, गा.वि.स. सचिवहरु, पत्रकार, नागरिक समाजका प्रतिनिधी लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

१२. सामाजिक सुरक्षा रकम जि.वि.स.ले गा.वि.स.लाई समयमै चौमासिक अनुसार उपलब्ध गराउनु पर्ने ।

# वार्षिक समिक्षा गोष्ठीका सहभागीहरु

